**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ**

**<u>इजलास</u>**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवनकुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**<u>फैसला</u>**

**२०७६/०७७ सालको निर्णय नं. २३**

**पुनरावेदन नं. ०७५-RB-००६०**

**मुद्दाः- मूल्य अभिवृद्धि कर (२०६७/०६८) ।**

रुपन्देही जिल्ला, रानीगाउँ, भैरहवा स्थित स्थायी लेखा नं.३००६६२२५२ भएका युनिभर्सल इन्स्टिटच्युट अफ एडभान्स स्टडिज एण्ड रिसर्च प्रा.लि.को तर्फबाट ऐ.का. अधिकारप्राप्त कम्पनी सचिव राजु बस्नेत ------------------------------------------१ } पुनरावेदक

**<u>विरुद्ध</u>**

ठूला करदाता कार्यालय हरिहरभवन, ललितपुर-----------------------------------१ }
आन्तरिक राजस्व विभाग लाजिम्पाट काठमाडौ-----------------------------------१ } प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ता श्री सुरज श्रेष्ठ

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्धान उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेत

**सुरू निर्णय गर्ने कार्यालय : ठूला करदाता कार्यालय ललितपुर**

**सुरु निर्णय गर्ने पदाधिकारीः प्रमुख कर प्रशासक श्री शंकर प्रसाद खरेल**

**सुरू निर्णय मिति : २०७१/११/१४**

**<u>प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी</u>**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री चुडामणी शर्मा

निर्णय मितिः २०७३।०३।०८

यसमा ठूला करदाता कार्यालय ललितपुर समेतको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (१) र मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ३२ बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको भई दर्ता हुन आएको प्रस्तुत पुनरावेदनपत्रको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

**<u>तथ्य खण्ड</u>**

१. करदाता श्री युनिभर्सल इन्टिच्युट अफ एडभान्स स्टडिज एण्ड रिसर्च प्रा.लि. को आ.ब. २०६७/०६८ को मूल्य अभिवृद्धि कर तर्फको लेखा परिक्षण सम्पन्न भै पेश भएको प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम कर, थप दस्तुर, ब्याज र जरिवाना समेत जम्मा रु.७७,९३,७७३/-को प्रारम्भिक कर निर्धारण आदेश मिति २०७१/१०/२६ मा रहेछ ।

२. प्रारम्भिक कर निर्धारण आदेश बमोजिम मुल्य अभिवृद्धिकर तिर्नु नपर्ने कारण भए १५ दिन भित्र ठोस प्रमाण पेश गर्न जारी भएको सुचना करदाताले मिति २०७१/१०/२७ मा बुझीलिइ सो को जवाफ मिति २०७१/११/११ मा पेश गरेका रहेछन ।

३. करदाता युनिभर्सल इन्टिच्युट अफ एडभान्स स्टडिज एण्ड रिसर्च प्रा.लि. ले पेश गरेको जवाफ समेतलाई बिश्लेषण गर्दा करदाताले प्रस्तुत आ.ब.मा संरचना निर्माण तर्फ पूर्जिंकृत तथा कार्यप्रगती विवरणमा गरी जम्मा रु.१०,३०,६०,७२८/- पूजिंगत खर्च गरेको र मु.अ.कर ऐन,२०५२ को दफा ८(३) को प्रकृया पुरा गरी कर बिजकबाट रु.५,५०,९९,०३८/- को कारोबार गरेको र कर बिजक वाहेकको खरिदमा मु.अ.कर नतिरेको रु.४७९६१६९०/- को हकमा मु.अ.कर ऐन,२०५२ को दफा ८(३) र आन्तरिक राजस्व विभागको सोही दफाको सन्दर्भमा मिति २०७०/७/३ मा गरेको परिपत्र अनुसारको प्रकृया पुरा गरी मु.अ.कर दाखिला गरेको अवस्था नदेखिएको र करदाताले विभिन्न कारणले कर बिजक प्राप्त गर्न नसकी कर असुली गर्न नसकिएको कुरा स्विकार गरेकोले कार्यालयले जारी गरेको प्रारम्भिक कर निर्धारण बमोजिम नै मु.अ.कर ऐन,२०५२ को दफा २०(१) बमोजिम मु.अ.कर रु.६२,३५,०१९/- र ऐ.को दफा २९(१)(क) बमोजिम जरिवाना रु.१५,५८,७५४/- समेतको अन्तिम कर निर्धारण गर्ने भन्ने ठूला करदाता कार्यालय ललितपुरको मिति २०७१/११/१४ को निर्णय ।

४. ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७१/११/१४ मा भएको आ.व. २०६७/०६८ को मू.अ.कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी युनिभर्सल इन्टिच्युट अफ एडभान्स स्टडिज एण्ड रिसर्च प्रा.लि. ले प्रशासकीय पुनरावलोकनका लागी मिति २०७२/०१/१६ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

५. शुरु ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७१/११/१४ मा भएको कर निर्धारण आदेशमा कर बिजकबाट भएको खरिदलाई मान्यता दिइ कर बिजक नभएको खरिदमा मात्र मु.अ.कर निर्धारण गरेको कानुन सम्मत भएकोले निवेदकको जिकिर पुग्न सक्दैन भन्ने आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७३/०३/०८ मा भएको निर्णय ।

६. पुनरावेदक करदाता स्वस्थ्य सेवा दिने संस्था भएको, यसले पहिलो चरणको परियोजना निर्माण कार्य आ.ब.२०५९/०६० मा समाप्त भै पूर्ण रुपमा संचालनमा आएको र तत् पश्चात बिभिन्न चरणका निर्माणहरु हुँदै आई रहेकै छ । निर्माण भएका कतिपय संरचनाहरु समय समयमा मर्मत सम्भार हुँदै आइरहेका छन । मूल्य अभिवृद्धिकर ऐन,२०५२ को दफा ८(३) को प्रकृया पुरा नगरेको भनी शुरु कार्यालयलले कर लगाउने गरी गरेको निर्णय नै प्रशासकिय पुनरावलोकनबाट सदर भएकोमा मु.अ.कर ऐन,२०५२ को दफा ८(३) को व्यवस्था **व्यवसायिक प्रयोजनका लागी निर्माण भएका भवन, अपार्टमेन्ट तथा सपिङ कम्प्लेक्स र विभागले तोकेको यस्तै प्रकारको संरचना अन्तर्गत विक्री वा भाडामा लगाईने उद्धेश्यले निर्माण भएकोमा लागु हुने हो** । पुनरावेदकले निर्माण गरेको संरचना उल्लेखित उद्धेश्यले निर्माण नगरिएको तथा आ.ब.२०७१/०७२ सम्म मु.अ.कर ऐन नियमको सम्बन्धमा विभागले परिपत्र जारि गरी वैधानिकता प्राप्त गर्न सक्दैन । आ.ब.२०६७/०६८ को कर सम्बन्धमा २०७०/७/३ को परिपत्रले नियमन गर्न सक्दैन । अर्कातर्फ पुनरावेदकले साना तिना पटके खरिद, समय समयका पुँजिकृत हुने प्रकृतिका ज्याला रकम, साइट क्लियरेन्स वापतको ज्याला, अत्यावश्यकिय मर्मत सम्भारमा कतिपय सप्लायर्स मू.अ.करमा दर्ता हुन अनिवार्य नभएका समेत पर्ने, तथा डिजाइनिङ इन्जिनियरिङ कन्सल्टेन्सी तथा कामदारको ठेक्का मा अग्रिम कर रु.६,४४,१४७/- कट्टी गरी भुक्तानी भएको रु.४,७३,१७,५७९/- विभिन्न समयमा भएका र मू.अ.कर विजक प्राप्त गर्न कठिन हुने हुँदा तथा एकमुष्ठ नभइ पटक पटक र फरक फरक प्रकृतिका मर्मत सम्भार र निर्माणका कारण ५० लाखको सिलिङको लेखाङ्कन गर्न समेत मुस्किल हुने, नयाँ र पुरानो मर्मत समेत पुँजिकृत गरिएको हुँदा मू.अ.कर ऐन,२०५२ को दफा ८(३)आकर्षित नहुने हुँदा कर नै नलाग्ने भएकोले नलाग्ने कर लगाई जरिवाना समेत लगाउनु त्रुटीपुर्ण हुँदा शुरु कार्यालयको मिति २०७१/११/१४ को निर्णय तथा सो लाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको मिति २०७३/३/८ को निर्णय बदर गरी पाउँ भन्ने यस न्यायाधिकरणमा मिति २०७४/५/२८ मा दर्ता भएको पुनरावेदनपत्र।

७. यसमा मुलुकी ऐन, अ.बं.२०२ नं.बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने समेत यस न्यायाधिकरणबाट मिति २०७४/१०/१० मा भएको आदेश ।

## ठहर खण्ड

८. नियम बमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ता श्री सुरज श्रेष्ठले पुनरावेदक स्वास्थ्य सेवा प्रदायक संस्था भएकोले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) आकर्षित हुने होइन ।मर्मत र निर्माणमा सबै सम्लायर्सलाई मू.अ.करमा दर्ता हुन अनिवार्य नगरेको र एकै पटक निर्माण कार्य भएको नभई पटक पटकका अत्यावश्यकिय मर्मत सम्भार र नयाँ संरचना थप समेत भएको कारण पचास लाखको सिलिंग नाघेको मात्र हो साथै २०६७/०६८,०६८/०६९ का कर निर्धारणका सम्बन्धमा २०७० सालमा जारी भएको परिपत्र प्रभावग्राही हुन सक्दैन तसर्थ शुरु कार्यालयको निर्णय बदर हुनु पर्छ भनी बहस गर्नु भयो त्यस्तै प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय, काठमाडौका विद्धान उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेतले पुनरावेदकले मू.अ.कर ऐन,२०५२ को दफा ८(३) बमोजिमको संरचना निर्माण गर्दा मू.अ.कर बिजक बिना निर्माण गरेको, कर निर्धारण हुनु नपर्ने कुनै ठोस प्रमाण पेश गर्न नसकेको साथै कानुनी व्यवस्था पहिले देखी नै भै रहेकोमा त्यसको स्पस्टताको लागी परिपत्र जारी भएको हो शुरु कार्यालयले मुल्य अभिवृद्धि कर र जरिवाना समेत माग गर्ने गरी भएको निर्णय सदर कायम हुनु पर्छ भनी बहस प्रस्तुत गर्नु भयो ।

९. पुनरावेदक कम्पनीको पुनरावेदनमा लिइएका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत वहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी इन्साफ तर्फ बिचार गर्दा प्रस्तुत मुद्दाका सन्दर्भमा मुख्यतः देहाय अनुसार हुने देखियो ।

१०. प्रत्यर्थी कार्यालयले निर्माण कार्य गराउँदा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) र मूल्य अभिबृद्धि कर नियमावली, २०५२ को नियम ६(ख) को व्यवस्था परिपालन नगरिएको हुँदा मूल्य अभिवृद्धि कर भुक्तानी भए जति रकम घटाई हुन आउने जम्मा रकम को निर्माण गर्दा भुक्तानी गरेको अवधि र मूल्यमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१)(ख) बमोजिम १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर लगाई सोही आधारमा जरिवाना थप दस्तुर र व्याज लगाउने गरी भएको निर्णय सम्बन्धमा हेर्दाः मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) मा व्यवस्था भए बमोजिम भवन वा अपार्टमेन्ट वा सपिङ्ग कम्प्लेक्स वा अन्य संरचना मूल्य अभिबृद्धि करमा दर्ता नभएको व्यक्तिबाट निर्माण गरिएको भएता पनि दर्ता भएको व्यक्तिबाट गराए सरह मानी कर दाखिला गर्नुपर्ने भन्ने व्यवस्था रहेको छ । यस दफामा भएको व्यवस्था अनुसार कर दाखिला गर्नुपर्ने दायित्व यस्तो संरचनाको स्वामित्ववालाको भएकोमा कुनै विवाद छैन । तर यस्तो कर कुन अवधिमा दाखिला गर्ने भन्ने ऐन वा नियमावलीमा एकिन रुपमा व्यवस्था गरेको देखिंदैन । यसले गर्दा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ८(३) अनुसारको कर कहिले र कहाँ दाखिला गर्नु पर्ने भनी समयावधि नतोकिएको अवस्थामा करदाताले आफ्नो सुविधा अनुसारको समयमा दाखिला गर्न नपाउने भन्न मिल्ने देखिंदैन । सबै प्रकृतिका मू.अ.कर दाखिला गर्ने समयावधि तोकिएको भएता पनि उक्त समयमा मू.अ.कर ऐन, २०५२ को दफा ८(३) अनुसारको मू.अ.कर कहिले दाखिला गर्ने भन्ने समयावधि तोकिएको देखिदैन । मू.अ.कर ऐन २०५२ को दफा ८(३) को व्यवस्थालाई व्याख्या र स्पष्ट गरी

तथा कर दाखिला गर्ने समयावधि तोकी मिति २०७०।७।३ मा आन्तरिक राजस्व विभागबाट परिपत्र जारी भएको देखिन्छ । सो परिपत्रलाई विभागको वेभसाइटमा राखिएको व्यहोराको सूचना मिति २०७३।१०।२१ को गोरखापत्र दैनिकमा प्रकाशन गरिएको देखिन्छ । कानूनतः दाखिला गर्नुपर्ने एकिन अवधि नै नतोकिएको अवस्थामा कर दाखिला गर्नुपर्ने दायित्व भएता पनि कर ढिलो बुझाएको भन्ने मानि करदातालाई जरिवाना वा व्याज वा थप दस्तुर बहन गर्न लगाउन कानूनतः मिल्ने देखिन आएन । तर यसै सम्बन्धमा मू.अ.कर प्रशासन गर्ने आन्तरिक राजस्व विभागबाट अन्तिम पटक मिति २०७०।७।३ मा दफा ८(३) मा भएको व्यवस्थालाई व्याख्या गरी सो अनुसार दाखिला गर्नुपर्ने मू.अ.कर दाखिला गर्नुपर्ने अवधि तोकेको देखिन्छ ।

११. पुनरावेदकले पुनरावेदन पत्रमा भवन लगायतको स्थायी संरचना एउटा मात्र निर्माण गरेको नभै एक भन्दा बढी संरचना निर्माण गरेको र सो संरचनाहरुको निर्माण लागत पचास लाखभन्दा घटी भएको भनी जिकिर लिएको देखिन्छ । मू.अ.कर ऐन, २०५२ को दफा ८(३) मा रहेको कानूनी व्यवस्था हेर्दा कुनै एक संरचनाको निर्माण लागत पचास लाख रुपैया भन्दा बढी हुन पर्ने भन्ने नभई पचास लाख भन्दा बढीको ऐनमा उल्लेख भए बमोजिम व्यवसायिक प्रयोजनको लागी स्थायी संरचना निर्माण गर्दा मू.अ.कर मा दर्ता नभएको व्यक्तिबाट निर्माण गराएको भएतापनि त्यस्तो निर्माण दर्ता भएको व्यक्तिबाट गराए सरह मानी कर दाखिला गर्नुपर्ने कानूनी व्यवस्था रहेको देखिंदा मू.अ.कर नलाग्ने भन्ने पुनरावेदन  जिकिर सँग सहमत हुन सकिएन ।

१२. मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(२) र २६(१) बमोजिम करदाताले बुझाउनु पर्ने कर रकम म्यादभित्र दाखिला नगरेको अवस्थामा मात्र थप दस्तुर र व्याज लाग्ने व्यवस्था भएको, दफा ८(३) बमोजिम मूल्य अभिवृद्धि कर दाखिला गर्ने सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन र नियमावलीमा कुनै अवधि नतोकिएकोले दफा ८(३) को कार्यान्वयनको सम्बन्धमा मिति २०७०।७।३ मा आन्तरिक राजस्व विभागबाट जारी परिपत्र आन्तरिक प्रकृतिको मात्र भएको, सो परिपत्र आन्तरिक प्रकृतिको मात्र भएको कुरा स्वयं आन्तरिक राजस्व विभागले उक्त परिपत्रलाई आफ्नो website मा राखिएको कुरा मिति २०७३।१०।२१ को गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशन गरेकोबाट प्रमाणित भइरहेको र यस्ता विषयमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ ख (२) बमोजिम आफ्नो website मा वा राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशन गर्नुपर्ने व्यवस्था भएको सन्दर्भमा गोरखापत्रमा प्रकाशित सूचनाले उक्त परिपत्रले तोकेको अवधिलाई आधार बनाई गोरखापत्रमा सूचना प्रकाशित हुनुभन्दा अगाडिको अवधिको पनि जरिवाना, थप दस्तुर र व्याज लगाएको हदसम्म ठूला करदाता कार्यालय, ललितपुरको निर्णय मिलेको नदेखिंदा सो हदसम्म उल्टी हुने ठहर्छ ।

१३. अतः माथी विवेचित आधार कारणबाट स्थायी लेखा नं. ३००६६२२५२ भएका पुनरावेदक करदाता युनिभर्सल ईन्स्टीच्यूट अफ एडभान्स स्टडीज एण्ड रिसर्च प्रा.लि. को आ.व. २०६७।०६८ को मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा शुरु ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरको मिति २०७१।११।१४ को निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७३।०३।०८ मा भएको निर्णयमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) अनुसार भवन लगायत स्थायी संरचना निर्माणको लाग्ने मूल्य अभिवृद्धि कर दाखिला गर्ने अवधि नतोकिएको अवस्थामा जरिवाना, थप दस्तुर र व्याज लगाएको हदसम्मको निर्णय मिलेको नदेखिंदा सो हदसम्म केही उल्टी हुने ठहर्छ । अरुमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । तपशिल बमोजिम गर्नू ।

<u>तपशिल</u>

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम पुनरावेदक करदाता युनिभर्सल ईन्स्टीच्यूट अफ एडभान्स स्टडीज एण्ड रिसर्च प्रा.लि. को आ.व. २०६७।०६८ को मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा शुरू ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७१।११।१४ मा गरेको निर्णय लाई नै सदर गरेको आन्तरिक राजस्व विभागको मिति २०७३/३/८ को निर्णयमा मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ८(३) अनुसार भवन लगायत स्थायी संरचना निर्माणको लाग्ने मूल्य अभिवृद्धि कर दाखिला गर्ने अवधि नतोकिएको अवस्थामा जरिवाना, थप दस्तुर र व्याज लगाएको हदसम्मको निर्णय मिलेको नदेखिंदा सो हदसम्म उल्टी हुने ठहऱ्याई फैसला भएकोले पुनरावेदक करदाताको सो हदसम्मको धरौटी रकम हिसाव गरी फिर्ता दिनु वा अर्को कर अवधिको तिर्नुपर्ने कर रकममा मिलान गरिदिनु भनी शुरु कार्यालयमा लेखि पठाइदिनू.......................................................................................... १

प्रस्तुत फैसलाको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनू...........२

फैसलाको विधुतिय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू............................................... ३

डम्बरबहादुर कार्की
(लेखा सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नेः-

शाखा अधिकृतः श्री विश्वराज कुइकेल

इति सम्बत २०७६ साल भाद्र १२ गते रोज ५ शुभम्.................................